# जनप्रतिनिधिले जनतामा सही सन्देश प्रवाह गर्नुपर्छ : अध्यक्ष तिमिल्सिना

**कर्णाली/मस-** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले जनप्रतिनिधिले सही सूचना एवं सन्देश प्रवाह गरेपछि मात्र जनतामा जागरण आउने धारणा व्यक्त गरेका छन् । ‘अन्य रोगजस्तो यसको खोप, औषधिको विकास भइसकेको छै, यस्तो अवस्थामा व्यक्ति स्वयं सचेत रहेर आफू र समाजलाई सुरक्षित राख्नु नै विकल्प हो,’ उनले भने, ‘जनप्रतिनिधि जनतामाझ जाँदा यसबाट सुरक्षित रहन भौतिक दूरी कायम गर्ने, साबुन पानीले हात धुने, मास्क लगाउने र स्यानिटाइजरको प्रयोग गर्नेबारे जनतालाई सूचना प्रवाह गर्नुपर्दछ ।’ स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायतका कर्मचारी र सञ्चार जगतको प्रयासबाट मात्र कोभिड १९ नियन्त्रण सम्भव नहुने हुँदा जनप्रतिनिधिसमेत यस अभियानमा जोडिनुपर्ने उनको भनाइ थियो ।



कर्णाली प्रदेशसभा सचिवालयद्वारा आइतबार सुर्खेतमा आयोजित ‘कोभिड-१९ जोखिममा प्रभावकारी सञ्चारका लागि सांसदको भूमिका’ विषयक कार्यक्रममा उनले अध्यक्ष तिमिल्सेनाले कोभिड-१९ बाट सुरक्षित रहेर जीवनपद्धति चलाउनुको विकल्प नभएको बताए । आफू सुरक्षित रहेमात्र अरुलाई रोकथाम गर्न सकिने बताए ।

प्रदेशसभाका सभामुख राजबहादुर शाहीले कोभिड १९ ले बहुआयामिक दुष्प्रभाव छाडे पनि यसका शिक्षालाई ग्रहण गर्नुपर्ने विचार व्यक्त गर्दै गलत सूचना प्रवाहले महामारी झन् फैलिन सक्ने हुँदा जनप्रतिनिधिले विशेष ख्याल गर्नुपर्नेमा जोड दिए । प्रदेशका सामाजिक विकासमन्त्री दल रावलले कोभिड १९ विरुद्धको प्रतिकार्यमा कर्णालीले अन्य प्रदेशभन्दा अब्बल कार्य गरेको दावी गर्नुभयो । उहाँले स्वास्थ्य संस्थाको भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, परीक्षण र उपचार प्रणालीमा उल्लेख्य सुधार गरेको जानकारी दिए । ‘एक्सरेसम्म नभएका जिल्लामा आइसियु र भेन्टिलेटर जडान गरेका छौं, स्थानीय तहसम्म अक्सिजन प्लान्ट राख्दैछौं,’ मन्त्री रावलले भने, ‘समयमै स्वास्थ्य संरचनामा सुधार गर्दा कोभिड १९ लाई सामान्य अवस्थामा फर्काउन सहज भएका छौं ।’ कार्यक्रममा विश्व स्वास्थ्य संगठनको नेपालस्थित कार्यालयका जोखिम तथा संकट सञ्चार विज्ञ डा.सुनुर बर्माले कोभिड-१९ का सन्दर्भमा जोखिम सञ्चार तथा समुदायको संलग्नताका महत्व तथा निर्वाचित पदाधिकारीको भूमिकासम्बन्धी अन्तर्राष्ट्रिय अनुभव र स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक डा.रवीन खड्काले सो प्रदेशको वर्तमान अवस्थाबारे प्रस्तुतिकरण गरेका थिए ।

## अनुसन्धानमा प्रभाव पार्नेगरी समाचार सम्प्रेषण नगर्न काउन्सिलको आग्रह



**काठमाडौं/मस-**प्रेस काउन्सिल नेपालले हत्या, अपहरणजस्ता सार्वजनिक अपराधसँग जोडिएका विषयमा अनुसन्धान नै प्रभावित पार्ने गरी सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा समाचार सम्प्रेषण नगर्न अपील गरेको छ । काउन्सिलका सूचना अधिकारी रामशरण बोहराद्वारा हस्ताक्षरित अपीलमा भनिएको छ, ‘सार्वजनिक अपराधसँग सम्बन्धित व्यक्ति, साक्षी र पीडितको हकमा अनुसन्धान तहकिकात हुनुपूर्व नै विभिन्न सञ्चारमाध्यममा साक्षी, पीडित र प्रमाणसमेतको सुरक्षामा पर्याप्त ध्यान नदिई विभिन्न सामाजिक सञ्जालहरूमा पनि समाचार सम्प्रेषण हुँदा पीडित एवं साक्षीहरू असुरक्षित हुने र सत्यतथ्य छानबिनलगायत समग्र न्यायिक प्रक्रियामा असर पर्न जाने उल्लेख छ ।’ यस्ता समाचार सम्प्रेषण गर्दा पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को दफा ४(९) र ५(४) उल्लङ्घन हुने हुँदा संवेदनशील हुन काउन्सिलले आग्रह गरेको छ । अपराधजन्य घटनासँग जोडिएका व्यक्ति, साक्षी र पीडितको हकमा अनुसन्धानपूर्व नै सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूबाट नाम सार्वजनिक नगर्न/नगराउन आमसञ्चारमाध्यम, पत्रकार र सामाजिक सञ्जाल प्रयोगकर्तालाई अपील गरिएको छ ।

कतिपय मिडियाले साक्षी, पीडित र प्रमाणको सुरक्षामा ध्यान नदिइ समाचार सम्प्रेषण गर्दा पीडित र साक्षीले असुरक्षित महशुस गरेको तथा घटनासँग जोडिएका पीडित र साक्षीको नाम अनुसन्धान हुनुपूर्व नै सामाजिक सञ्जाल र सञ्चारमाध्यममा सार्वजनिक हुँदा गोपनीयता र शान्ति सुरक्षामा गम्भीर असर परेकाले हत्या, अपराधजस्ता घटनाका विषयमा आएका समाचार सामग्रीमा ध्यानाकर्षण भएको जनाइएको छ ।

## तिहार अगावै माडीको बसन्तपुरमा कालोपत्रे

**चितवन/मस-** माडीको बनकट्टादेखि देबेन्द्रपुरसम्म कालोपत्रे बिछ्याइरहेको आशिष निर्माण सेवाले तिहार पर्व अगावै बसन्तपुर बजारसम्म कालोपत्रे पुरा गरिसक्ने जनाएको छ । हाल पूर्वी माडीबाट कालोपत्रे (अस्फाल्ट) बिछ्याउँदै आएको सो निर्माण सेवाले कीर्तनपुर बजारसम्म कालोपत्रे पुरा गरेको छ ।



हाल कल्याणपुर बजारसम्म बाटोको दुईतर्फी प्राइम छर्किएर बसन्तपुर गाउँसम्म बाटोको एकतर्फ प्राइम छर्किइसकिएको कम्पनीले जनाएको छ । अब बसन्तपुर बजारमा प्राइम छर्किइने र कल्याणपुरमा कालोपत्रे बिछ्याउने काम एकसाथ अगाडि बढाउने निर्माण कम्पनीका फिल्ड प्रतिनिधि कविराज जोशीले मध्यान्हलाई बताए ।

यसअघि, दशैं पर्व मनाएर कामदार, प्राविधिक र कर्मचारीहरु काममा फर्किएसंगै गत कार्तिक १४ गतेबाट कम्पनीले कालापत्रे बिछ्याउने कार्य तीव्र पारेको हो । कामदारहरु तिहार र छठको बिदामा घर जानुअघि नै बसन्तपुर बजारसम्म कालोपत्रे सक्ने योजना रहको जोशीको भनाइ छ ।

## चितवनमा मोटरसाइकल चोरी गर्ने गिरोह पक्राउ

**डिलकुमारी नेपाल/मध्यान्ह**
चितवन, २३ कात्तिक

मोटरसाइकल चोरी गर्ने एक समूहलाई चितवन प्रहरीले आइतबार पक्राउ गरेको छ । चितवन लगायत विभिन्न जिल्लामा मोटरसाइकल चोरी गर्ने तथा चोरीको मोटरसाइकल खरिद गर्ने ७ जनालाई चितवन प्रहरीले आइतबार सार्वजनिक गरेको हो ।

प्रहरीले विभिन्न कम्पनीका ७ वटा मोटरसाइकल समेत बरामद गरेको छ । प्रहरीले पक्राउ परेकाहरुको साथबाट तीन वटा र बेवारिसे अवस्थाका चारवटा मोटरसाइकल बरामद गरेको छ ।चितवन प्रहरीले मोटरसाइकल चोरी गर्ने बारा जिल्ला करैयमामाइ गाउँपालिका वडा नम्बर ५ घरभई हाल खैरहनी नगरपालिका वडा नम्बर ९ बस्ने बर्ष २८ को विजय चौधरी , सोहि स्थान ५ घर भई हाल भरतपुर ३ बस्ने बर्ष १९ को राकेश चौधरी र बारा केल्हवी नगरपालिका वडा नम्बर ७ बस्ने बर्ष २४ को महेश चौधरीलाई पक्राउ गरेको छ । प्रहरीले उनीहरुसंग चोरीको मोटरसाइकल खरिद गर्ने खैरहनी नगरपालिका वडा नम्बर १२ बस्ने बर्ष २४ को समिर चौधरी र सोहि स्थानको बर्ष २८ को अमित चौधरीलाई समेत पक्राउ गरेको छ ।

त्यस्तै मोटरसाइकल चोरी गर्ने भरतपुर महानगरपालिका वडा नम्बर २ बस्ने बर्ष २६ को दिनेश गुरुङ र भरतपुर ११ बस्ने बर्ष २५ को मनोज दराईलाई समेत पक्राउ गरि अनुसन्धान अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक नान्तीराज गुरुङले जानकारी दिए ।

चोरी भएका मोटरसाइकलहरुको खोजी गर्ने क्रममा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । प्रहरी आफ्नै ग्राहक बनेर समेत चोरहरुलाई पक्राउ गरेको प्रहरी उपरिक्षक गुरुङले बताए । प्रहरीका अनुसार बरामद मोटरसाइकहरुमा ग १० प ९६०७ नं.को बजाज पल्सर २०० एन एस मोटरसाईकल (वास्तविक नम्बर ना ५३ प ९७६४), प्रदेश ०३-०२-०० ९ प ६८२९ नं.को सेतो केटिएम २०० सि.सि.मोटरसाईकल र प्रदेश ०३-०३-००१ प ५२२६ नं.को २२० सि.सि. को मोटरसाईकल (पार्टपुर्जा खोलेको अवस्थामा) भेटिएको रहेको छ भने

वेवारिसे अवस्थामा फेला परेका मोटरसाइलकहरुमा बा.५६ प. ५९९५ नं को २०० सि.सि. को केटिएम मोटरसाईकल, ना.१८प. ६३२ नं. को १५० सि.सि. को पल्सर मोटरसाइकल, प्रदेश ३-०३-००१प ३४९६ नं. को १५० सि.सि. मोटरसाइकल र बा.८१प. ५११४ नं. को २२० सि.सि. को पल्सर मोटरसाइकल रहेको छ ।

**SAUDI मा रोजगार**

**1. Tawazun & Holol Co. Ltd.**

पुनः विज्ञापन | पूर्व स्वीकृती मितिः २०७६/११/२७ | चलानी नं. : ६०१५३२०८ | LT No.: 234796

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factor | 06 | कामसम्म ठिक | 1300 | ४१,०५४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ |

**2. Advanced Leading Co for Transport**

पुनः विज्ञापन | पूर्व स्वीकृती मितिः २०७६/११/१८ | चलानी नं. : ६०१५२७२० | LT No.: 233565

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver | 06 | कामसम्म ठिक | 1800 | ५६,८४४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ बर्ष |
| २. | Forklift Driver | 02 | | 1800 | ५६,८४४।- | | | | | | |

**3. Al-Shamlany International Company Ltd.**

पुनः विज्ञापन | पूर्व स्वीकृती मितिः २०७६/११/१८ | चलानी नं. : ६०१५२७१९ | LT No.: 234247

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver | 10 | कामसम्म ठिक | 1800 | ५६,८४४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. १०,०००।- कामदार आफैंले |

**अन्तरवार्ता २०७७ मंसिर १ गते (16 Nov.) यस प्रा. लि. को कार्यालय कोटेश्वर काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**अल अयुनी ओभरसिज सर्भिस प्रा. लि.**
श्रम ईजाजत न. १००५/०६८/६९
पो.ब.नं. ३६५४, कोटेश्वर-३२ (CCRC College संगै) काठमाडौं, नेपाल
फोन : ०१-५१००५०२, ५१००५०९, ९८०१०५१८१५, ९८१४७७८३७१, ९८०३२१००४१

**बाँफिकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाँफिकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### आन्तरिक आयतर्फको शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना (बालुवा र ढुङ्गा बिक्रि र संकलन)

**प्रथम पटक प्रकाशित मिति २०७७।०७।२४**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ (४) र (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका आन्तरिक आय संकलनको (ठेक्का बन्दोबस्त) कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र गाउँ कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक्का अंकमा नघट्ने गरि आ.व. २०७७०७८ को जेठ मसान्तसम्म को लागि ठेकका वन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म (अनिवार्य रुपमा मु.अ.कर र पानमा दर्ता भएका) हरुबाट दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपशिलमा उल्लेखित अनुसार कानुनि प्रक्रिया पुरा गरेका योग्य फर्महरुले शिलबन्दी दरभाउपत्र खरिद गरी शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन अनुरोध छ ।

| आय ठेक्का नं. | संकलन र विक्रि गर्न पाउने अधिकतम परिमाण बार्षिक क्यू फिट | संकलन तथा विक्री शुल्क प्रति क्यू फिट | संकलन तथा विक्री शुल्क बापत हुने कुल न्यूनतम अंक रु | दरभाउपत्र फारम दस्तुर | धरौटि रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| ०१/०७७/०७८ | मालुबेलाबगर वडा ३ | | | प्याकेज नं. १ | | |
| बालुवा मात्र | ३५,३१०.०० | ३ | १०५,९३०.०० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०२/०७७/०७८ | जगरा बगर वडा ३ | | | प्याकेज नं. २ | | |
| बालुवा मात्र | ७०,६२०.०० | ३ | २११,८६०.०० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०३/०७७/०७८ | भाग्ले बगर वडा ३ | | | प्याकेज नं. ३ | | |
| बालुवा मात्र | ५२,९६५.०० | ३ | १५८,८९५.०० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०४/०७७/०७८ | गाराघाट बगर वडा ९ | | | प्याकेज नं. ४ | | |
| बालुवा मात्र | ३५,३१०.०० | ३ | १०५,९३०.०० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०५/०७७/०७८ | दानिपिपल बजंङ्गी बगर वडा १ | | | प्याकेज नं. ५ | | |
| बालुवा मात्र | ७९,४४७.५० | ३ | २३८,३४२.५० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०६/०७७/०७८ | दुब्का बगर वडा १० | | | प्याकेज नं. ६ | | |
| बालुवा मात्र | ७०,६२०.०० | ३ | २११,८६०.०० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०७/०७७/०७८ | स्र्यापू बगर वडा ५ | | | प्याकेज नं. ७ | | |
| बालुवा र गिट्टी | १५२,५३९.२० | ३ | ४५७,६१७.६० | १०००/- | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |

१. उल्लेखित प्याकेज नं. १ देखि ७ नं. ठेक्काको दरभाउपत्रहरु फारम खरिदको लागि यस कार्यालयको लागि यस कार्यालयको राजश्व उपशाखाबाट दरभाउपत्र दस्तुर बापत काटिएको नगदि रसिद, आ.व.२०७६।०७७ मा फर्म वा कम्पनीको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित १५ औं दिनसम्म कार्यालय समय भित्र अलग अलग दरभाउपत्रहरु खरिद गर्न सकिने छ । साथै आयकर १.५ र मुल्य अभिवृद्धी कर १३ प्रतिशतले हुने रकम किस्ता बुझाउदा दामासाहिले अनिवार्य बुझाउनुपर्ने छ ।
२. दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी अलग अलग प्याकेजको शिलबन्दी सहित दरभाउपत्र भरि तोकिएको समय भित्र पेश गर्नु पर्नेछ ।
३. कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारमहरुलाई मान्यता दिइने छैन ।
४. खरिद भएका दरभाउपत्रहरु खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिनमा गरिने छ । रित पुर्वक पेश भएका दरभाउपत्रहरु दर्ता गर्ने समय सकिए लगत्तै सोहि दिनको २:०० बजे यस कार्यालयका तोकिएका कर्मचारी तथा ठेकेदारहरुको रोहवरमा यस गाउँकार्यपालिकाको कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न सकिने छ ।
५. धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको **लक्ष्मी बैंक लिमिटेड बाँफिकोट शाखामा** रहेको धरौटी खाता नं. **०९४०३०००७३** मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको बैंक जमानत सक्कल प्रति संलग्न गरी पेश गर्नुपर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र सो धरौटी रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।
६. दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनिको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्वन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्व घोषणाको पत्रको सक्कल प्रति समेत दरभाउपत्रसाथ पेश गर्नु पर्ने छ ।
७. दरभाउपत्र फारमहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्टसँग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । म्याद नाघी वा रित नपुगि प्राप्त भएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन ।
८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
९. अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**